**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

**<u>लुम्बिनीमा अन्तर्राष्ट्रिय योग दिवसको उत्सव (मिति२०८२ असार ६)</u>**

नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोषसँगको सहकार्यमा मिति २०८२ असार ६ गते भगवान् बुद्धको पवित्र जन्मस्थल तथा युनेस्को विश्व सम्पदा स्थलको रुपमा परिचित लुम्बिनीमा बृहत् योग प्रदर्शनको आयोजना गऱ्यो।

२. उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्ती र नेपालका माननीय युवा तथा खेलकुद मन्त्री श्री तेजु लाल चौधरी प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। भगवान् बुद्धको पवित्र जन्मभूमिमा यस महत्त्वपूर्ण कार्यक्रमको आयोजना गरेकोमा र भारत र नेपालबीचको सांस्कृतिक सम्बन्धलाई सुदृढ गरेकोमा वहाँहरुले भारतीय राजदूतावासलाई धन्यवाद व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा लुम्बिनी विकास कोषका वरिष्ठ अधिकारीहरूका साथै यस क्षेत्रका ५०० भन्दा बढी योगमा अभिरुची राख्नेहरुले सहभागिता जनाएका थिए।

३. नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले भारतमा उत्पत्ति भएको एउटा प्राचीन अभ्यासको रुपमा रहेको योग सन् २०१४ मा संयुक्त राष्ट्र संघले जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवस घोषणा गरेपछि एक विश्वव्यापी आन्दोलनका रूपमा विकसित भएको कुरामा जोड दिनुभयो। वहाँले शान्ति र सद्भावको प्रतीकको रूपमा व्यापक रूपमा परिचित लुम्बिनी योगका कालातीत मूल्यमान्यताहरू मनाउनका लागि साँच्चै नै उपयुक्त स्थल भएको बताउनुभयो। राजदूतले कार्यक्रम आयोजना गर्न सहयोग गरेकोमा लुम्बिनी विकास कोषप्रति आभार व्यक्त गर्दै लुम्बिनीलाई आध्यात्मिक र धार्मिक गन्तव्यका रूपमा प्रवर्द्धन गर्न यसले खेल्ने भूमिका उपर जोड दिनुभयो।

४. यो कार्यक्रम भारतीय राजदूतावासले नेपालका विभिन्न शहरहरूमा ११ औं अन्तर्राष्ट्रिय योग दिवस मनाउन आयोजना गरिरहेको कार्यक्रमहरूको श्रृंखलाको एक हिस्सा थियो।

५. भारतीय राजदूतावासले पोखरा महानगरपालिकासँगको सहकार्यमा भोलि ११ औं अन्तर्राष्ट्रिय योग दिवस मनाउन पोखरा रंगशालामा एक विशाल योग प्रदर्शन आयोजना गर्नेछ।

**लुम्बिनी**

**२०८२ असार ६**